# नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सन्चालित राष्ट्रसेवक सहकारी संस्थाहरुको व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी -२०८०

### २०८० असोज ८ खरीपाटी, भक्तपुर

### छलफल-पत्र

**पृष्ठभुमिः**

कुनै पनि संस्थाको सवलता संस्थाका संवाहक सदस्यहरुमा निर्भर गर्दछ । सदस्यहरको संख्या, क्रियाशिलता, विश्वास र समर्पणको आधारमा संगठनको शक्ति निर्धारण हुन्छ । धेरैभन्दा धेरै सदस्यहरुलाई संगठित गर्नका लागि धेरैभन्दा धेरै सदस्यहरुको हकहित, सुरक्षाको प्रत्याभुति र सहज जीवनयापनका कार्यक्रम संचालन गर्न सक्नु पर्दछ । कुनै पनि संस्था सक्षमताका साथ अगाडि वढ्न आर्थिक रुपमा आत्मनिर्भर सदस्यको आवश्यकता पर्दछ । संगठन सदस्यहरुका हकहित र  अधिकारका मुद्दालाई अगाडि बढाउदै आर्थिक पाटोमा सहकारीको माध्यमबाट आत्मनिर्भर सदस्य निर्माणको लक्ष्यलाई मुख्य उद्देश्य मान्दै अगाडि बढीरहेको छ । सीमित आय भएका सदस्यहरु र सदस्यहरुका परिवारलाई वचत गर्ने बानी बसाल्ने र वचत रकमबाट उत्पादनमूलक र र सीपमूलक क्षेत्रमा लगानी गरी सदस्यहरुलाई आर्थिक रुपमा आत्मनिर्भर र राष्ट्रिय उत्पादनमा समेत योगदान गर्ने उदेश्य लिएको छ ।

२०४८ आषाढ १६ गते देखि ५६ दिनसम्म चलेको ऐतिहासिक कर्मचारी आन्दोलन सरकारी दमनको चपेटामा पर्दा हजारौ सदस्यहरुको जागिर खोसुवा, निलम्बन, पद घटुवा, अपायक सरुवा, ग्रेड रोक्का जस्ता अनेकै कारवाहीको पिडादायक अवस्थालाई हृदयंगमन गरी संगठनले आगामी दिनमा आफ्ना सांगठनिक गतिविधिहरु सञ्चालन गर्न कर्मचारी कल्याण कोष, वचत कोष र सहकारी संस्थाको माध्यमबाट आर्थिक रुपमा संगठन र संगठनका सदस्यहरु आत्मनिर्भर बनाउनु पर्ने आवश्यकता महुश गरेको थियो । यहि भावनाका साथ **"एकका लागि सबै र सबैका लागि एक"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित सहकारीका अन्तर्राष्ट्रिय मूल्य मान्यता र सिद्धान्तलाई अबलम्वन गर्दै राष्ट्रसेवक सहकारी आन्दोलनले २५ बर्ष पुरा गरिसकेको छ । राष्ट्रसेवक सहकारी संस्थाको परिकल्पना र ध्येय निम्नअनुसार रहेको छ ।

## परिकल्पना (vision)

राष्ट्रसेवक सहकारी संस्थाहरुले नेपाल निजामति कर्मचारी संगठनको अभिभाकत्वमा सहकारी अन्तराष्ट्रिय मूल्य मान्यता र सिद्धान्तहरुबाट निरर्देशित हुदै आफ्ना सदस्यहरुको आर्थिक सामाजिक र साँर्स्कतिक पक्षहरुको संस्थागत र दिगो विकास गर्दै स्वसन रहित समुदायको विकास तथा समाज परिवर्तनको कार्यमा योगदान पुऱ्याउने छन ।

## ध्येय (Misssion)

मुलुकका सबै जिल्लाहरुमा राष्ट्रसेवक सहकारीहरुको विस्तार गर्दै संस्थाहरुलाइ आफ्ना सदस्यहरुको सम्पुर्ण आर्थिक सामाजिक कियाकलापहरुको केन्द्रको रुपमा विकसित गर्नु, राष्ट्रसेवकहरुलाइ स्वाबलम्वी र आत्मर्निभर बनाउदै उनीहरुको कार्यकुशलतामा वृद्धि गर्नु तथा आन्दोलनमा पेशागत क्षेत्रबाट महत्वपूर्ण योगदान पुऱ्याउने राष्ट्रसेवक सहकारीको ध्येय हो ।

## वर्तमान परिस्थिति

**"स्वावलम्बी र आत्मनिर्भर सदस्य संगठनको आवश्यकता, आर्थिक र सामाजिक रुपान्तरणका लागि राष्ट्रसेवक सहकारीको अपरिहार्यता"** भन्ने मूल नाराका साथ आन्दोलन अघि बढिरहँदा राष्ट्रसेवक सहकारीहरु आज मुलुकका सातै प्रदेश ६९ जिल्लाहरुमा विस्तार भई समग्रमा करिब २१ हजार सदस्यहरु माझ क्रियाशिल छ । यसरी नै करिब अढाई अर्वको सम्पत्ति दायित्व परिचालन गर्दै आफ्नो संस्थागत क्षमताअनुरुप सदस्यहरुलाई  आर्थिक, सामाजिक र साँस्कृतिकरुपमा सेवा सुविधा प्रदान गर्दै आईरहेको तथ्यबाट हामी सबै जानकार नै छौं ।

मुलुकको सहकारी क्षेत्रमा हालै देखा परेका बचत फिर्ताको समस्या र रकम अपचलनको परिदृश्यबाट हामीले पनि समयमै पाठ सिक्नु जरुरी छ । पच्चिसौं बर्षदेखि कुनै आबधिक रणनीतिक योजना विनानै अघि बढिरहेको हाम्रो सहकारी यात्रा अहिलेसम्म प्रारम्भिक अवस्थामै रुमलिइरहेको छ । समयानुकूल सुचना प्रविधिको उपयोग र प्रयोगमा बामेसर्ने स्थितिमा मात्र हामी छौ । हाम्रो समकालिन तथा पछि स्थापित संस्थाहरुले सीमित कार्यक्षेत्रमै लाखौं सदस्यसम्म सेवाको विस्तार, पच्चिसौं सेवा केन्द्रहरुबाट आधुनिक संचारप्रविधी मार्फत सहज र प्रतिशिपर्धी सेवा प्रदान, अर्बौको सम्पत्ती परिचालन गरिरहँदा हामी वृहत्त संगठनात्मक पृष्ठभुमीका, विराट सम्भावनायुक्त परिवेशका विच पनि केही जिल्ला बाहेक अधिकांश जिल्लामा संकटोन्मुख अवस्थामा संचालित भईरहेका छौं ।

संस्था सुसन्चालनको निरन्तर प्रयासका बाबजुद समयानुकुल र अपेक्षित सेवा प्रवाहमा केही गम्भीर कमजोरीहरु देखा पर्न थालेका छन् , यो आफैमा पुर्ण सन्तुष्ट हुने अबस्था हुँदै होईन ।

हाल मुलुकको सहकारीक्षेत्रमा देखिएका केही प्रतिनिधी मुलक समस्याले सहकारी दर्ता नियमन र प्रबर्द्धनको जिम्मेवारीमा रहेको सरकार तथा सहकारीपिडित सदस्यवीच जुन विरोधा भाषा जन्य अबस्थाको श्रृजना भैरहेकोछ, ठीक त्यही ठाउँमा भोली राष्ट्रसेवक सहकारीहरुको अभिभावकत्व ग्रहणगरी आफ्ना सदस्यहरुलाई सहकारी आन्दोलनमा समाहित गर्दै स्वावलम्बी भई मुलुको अर्थतन्त्र र प्रशासनमा समेत योगदान पुर्‍याउन अगुवाई गरिरहेको कर्मचारी संगठन र राष्ट्रसेवक  सहकारीका बचतकर्ता सदस्यहरु उभिन आईपुग्ने परिस्थिति आउन नदिनका लागि गरिएको सचेतनामुलक यस्तो वृहत्त भेला आयोजनाको सामयिक महत्व रहेको छ ।

परिवर्तित ऐन कानुन, निर्देशन र वित्तिय मापदण्डका सुचकांकहरुको पुर्ण परिपालनामा पनि अझ मेहनत गर्नुपर्ने र समय सुहाउँदो ,प्रतिसपर्धी सेवा प्रदान गर्न सुचना प्रविधिको उपयोगमा वृद्धि गर्नुपर्ने आवश्यकता टड्कारो देखिएको छ ।

अधिकाँश संस्थाहरुले बचतऋणको मुख्य कारोबार गरिरहेको अबस्थामा बहुउद्देश्यीय सँस्थालाई बचत ऋणमा रुपान्तरण गर्नु पर्ने र पर्ल्स मापदण्डका सुचक अनुरुप संस्थाको वित्तिय अवस्था दुरुस्त राख्न अपनाउनुपर्ने सावधानी तत्कालको कार्यभार बन्न गएको छ ।

मुलुकका सफल सहकारी संस्थाहरुले ब्यवहारिक अभ्यास मार्फत हाँसिल गरेका उपलब्धीहरुलाई संश्लेषण गरी आफ्नै संस्थागत अनुभवहरुलाई समेत परिष्कृत गर्दै संस्था सुसन्चालनको पाटोमा गम्भिरतापुर्वक लागि पर्न ढिला हुन थालिसकेको छ ।

संस्थाका संचालक समिति, उपसमिति, ब्यवस्थापन पक्ष र कर्मचारी तथा सदस्यहरुमाझ सहकारी शिक्षा, तालिम, प्रशिक्षण प्रदान गर्ने र अभिमुखिकरणका साथै सुसुचित गराउने अभ्यासलाई अझै घनिभुत र परिणाम उन्मुख बनाउन योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने अवस्था हामी सामु विद्यमान छ ।

यिनै परिवेश भित्र आजको राष्ट्रसेवक सहकारी आन्दोलनलाई सुसन्चालन र सुदृढीकरण गर्दै अघि बढाउन नेपाल निजामती कर्मचारी संगठनद्धारा गठित राष्ट्रसेवक सहकारी सुदृढीकरण अध्ययन कार्यदलको सुझाब बमोजिम नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय सहकारी विभागद्धारा व्यवस्थापन गरिएको यस  ऐतिहासिक र महत्वपुर्ण व्यवस्थापकीय राष्ट्रिय कार्यशाला गोष्ठीमा हामी सर्वाधिक चासोका साथ उपस्थित भएका छौँ ।

यसै विषयमा राष्टसेवक सहकारी संस्थाहरुको ०७९ चैत्र देखि हालसम्म सम्पन्न भईसकेका गण्डकी, कोशी, लुम्बिनी, बागमती, सुदुर पश्चिम र, कर्णाली प्रदेश भेलाहरुमा प्रस्तुत वित्तिय विवरण तथा यसै कार्यशालाका लागि हरेक संस्थाहरुसंग माग गरिएको  विवरण र संकलित सुचनाका आधारमा आ.ब.०७९।८०को अन्त्यसम्म आईपुग्दा संस्थाहरुको वित्तीय अबस्था मोटामोटी रुपमा निम्नानुसार रहेको प्रारम्भिक अध्ययनले देखाएको छ

विगतमा भएका राष्ट्रिय भेलामा प्रस्तुत वित्तिय विवरण र हालसम्म प्राप्त विवरणको आधारलाई विश्लेषण गरी हेर्दा राष्ट्रसेवक सहकारी संस्था लि.हरुको अवस्था निम्नानुसार रहेको देखिन्छ ।

१.संस्थाहरुको ०८० आषाढ मसान्तसम्मको वित्तिय स्थितिको वृद्धिक्रम निम्नानूसार रहेको छ ।

| विवरण | ०५९ पौष मसान्त | ०६५ आषाढ मसान्त | ०६९ आषाढ मसान्त | ०७२ आषाढ मसान्त | ०८० अषाढ मसान्त |
|---|---|---|---|---|---|
| सहकारी संस्था | २१ | ३७ | ६० | ६७ | ६९ |
| सदस्य संख्या | ३६८७ | ९१६९ | १४७६२ | १७३१० | २०९८८ |
| शेयर पुजी | ४२,७६,८८०।० | २,७२,७२,०६९।० | १०,४०,२८,६५४।० | १७,८५,४८,६००।०० | ३५७०९४३४१ |
| कोष रकम | १०,०९,४२२।९५ | १२,८४,८४३।०० | २,५७,७९,२२०।४७ | ५,७०,२४,३१४।३८ | ३१५२३१५५४ |
| बचत निक्षेप | १,९७,५६,२६३।८० | १२,४१,३४,२७५।०० | ३६,३२,०८,९१०।०१ | ७१,२९,५१,२९२।१५ | १५४४३०९३८० |
| ऋण लगानी | | | ३९८५६८४९३।०० | ७६,४०,३१,६२९।५१ | १६३९३२९१५८ |
| कुल सम्पत्ति/दायित्व | २,२४,५८,२२७।६७ | १,६०,७७,४८१५।०० | ५६,९०,९३,८७०।३७ | ९९,०१,६३,१२१।४८ | २१८७२४५३५७ |

२. संस्थाहरुको ०८० आषाढ मसान्तसम्मको क्षेत्रगत अवस्था निम्नानूसार रहेको छ ।

| विकास क्षेत्र | ०७२ को सदस्य संख्या | ०७२ को कुल सम्पत्ति/दायित्व | ०८०को सदस्य संख्या | ०८०को कूल सम्पत्ति/दायित्व |
|---|---|---|---|---|
| कोशी प्रदेश | ५५३३ | ४४,६१,९४,१००।०१ | ५९९३ | ८८९९१८४०२।४६ |
| मधेश प्रदेश | ४११५ | १७,३५,०१,४२२।७१ | ७७४ | ३८५५९७६५।७२ |
| बागमती | ४०२७ | १७२२३९५६८।१५ | ४४३५ | ४१८४५३१३६।५१ |
| गण्डकी प्रदेश | ४०३८ | २३,०६,१५,०४८।३७ | २६७८ | २३८०७४७२३।६१ |
| लुम्बिनी प्रदेश | २५८३ | ११,९८,०८,००३।७४ | ३५३७ | ४०२८९५०४२।८८ |
| कर्णाली प्रदेश | १३६१ | ५१९१३२८१।७० | १८७९ | ११७२२१७१९।२२ |
| सुदुरपश्चिम प्रदेश | १०४१ | २,००,४४,५४६।६५ | १६९२ | ११७२२१७१९।२२ |
| जम्मा : | १७३१० | ९९,०१,६३,१२१।४८ | १६९२ | २१८७२४५३५७ |

३.सम्पत्ति दायित्वका आधारमा हालका ६९ वटा राष्ट्र सेवक सहकारी संस्थाहरुको बर्गिकरण निम्नानूसार गर्न सकिन्छ ।

| सि.नं. | सम्पत्ति/दायित्व | संस्था संख्या |
|---|---|---|
| १ | ५० लाख सम्म | २७ |
| २ | ५० देखि २ करोड सम्म | १९ |
| ३ | २ करोड देखि ४ करोड सम्म | ४ |
| ४ | ४ करोड देखि ६ करोड सम्म | ५ |
| ५ | ६ करोड देखी ८ करोड सम्म | ५ |
| ६ | ८ करोड देखी १० करोड सम्म | २ |
| ७ | १० करोड देखि १२ करोड सम्म | १ |

| | | |
|---|---|---|
| ८ | १२ करोड देखि १४ करोड सम्म | १ |
| ९ | १४ करोड देखि माथि | ३ |

यसै गरी ५० हजार भन्दा कम सम्पत्ति दायित्व भएका राष्ट्रसेवक सहकारी संस्थाहरु ५ वटा रहेका छन् ।

**संस्थाका उद्धेश्य :**

**क. उद्धेश्य नखुलेको** : २ (पाँचथर, बाँके)

**ख. बहुउद्धेश्यीय/बहुमुखी** : (१७) सुनसरी, खोटाङ, सोलुखुम्बु, उदयपुर, सप्तरी, चितवन, मकवानपुर, धादिङ, गोरखा, रुपन्देही,दाङ, प्युठान, डोल्पा, दैलेख, सुर्खेत,डोटी, बझाङ ।

**ग. बचत तथा ऋण** : (५०) बाँकी जिल्लाहरु ।

स्थायी लेखा नं. लिएको नदेखिएका संस्थाहरु : (१ ) भोजपुर, खोटांग, ओखलढुंगा, गोरखा, मुस्तांग, कपिलवस्तु, अर्घाखाँची, रोल्पा, जुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, बझांग, दार्चुला, कन्चनपुर ।

**विवरण प्राप्त नभएको :** (२) रामेछाप, अछाम,

**विवरण प्राप्त आ.ब. :**

क) आ.ब.०६९/७० को : ( १ ) कालिकोट,

ख) आ.ब. ०७०/७१ : (१) डोल्पा

ग) आ.ब.०७३/७४ को : (२) नुवाकोट ,ओखलढुंगा,

घ) आ.ब. ०७५/७६ को : (१) सिन्धुपाल्चोक,

ङ) आ.ब. ०७७/७८ को : (१) हुम्ला,

च) आ.ब. ०७८/७९ को : (१०) रसुवा, लमजुङ, मुस्ताङ, जुम्ला, वैतडी, कंचनपुर, भोजपुर, तेह्रथुम, धादिङ, बझाङ,

छ) आ.ब. ०७९/८० को : (५३) बाँकी जिल्ला ,

**प्रदेशगत सदस्यता विवरण :**

| संस्था संख्या | प्रदेश | **२०८०** | **२०७२** | **बढेको** |
|---|---|---|---|---|
| १४ | कोशी | ५९९३ | ५११९ | ८७४ |
| ३ | मधेश | ७७४ | ५०२ | २७२ |
| १३ | बागमती | ४४३५ | ४०२७ | ४०८ |
| ११ | गण्डकी | २६७८ | २२६१ | ४१७ |
| ११ | लुम्बिनी | ३५३७ | २९९९ | ५३८ |
| ९ | कर्णाली | १८७९ | १३६१ | ५१८ |
| ८ | सु.पश्चिम | १६९२ | १०४१ | ६५३ |
| ६९ | जम्मा | २०९८८ | १७३१० | ३६७८ |

**सदस्यता विवरण नआएको :** ३ जिल्ला- अछाम, अर्घाखाँची, रामेछाप,

**सदस्यता घटेको :** (३२ जिल्ला)

दार्चुला, बैतडी, डोटी, अछाम, रुकुम पश्चिम, सल्यान, कालिकोट, जुम्ला, रोल्पा, अर्घाखाँची, गुल्मी, पाल्पा, स्यागदी, लमजुंग, मनांग, गोरखा, ललितपुर, रसुवा, भक्तपुर, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु, ओखलढुंगा, खोटांग, संखुवासभा, तेह्रथुम, भोजपुर, ताप्लेजुंग ।

**प्रदेशगत सम्पत्ति दायित्व विवरण :**

| प्रदेश | ०७९।८०को दायित्व | ०७९।८० को सम्पत्ती |
|---|---|---|
| कोशी | ८८,९९,१८,४०२।४६ | ८९,५१,३५,७२४।१५ |
| मधेश | ३,८५,५९,७६५।७२ | ३,८५,३२,७२५।७२ |
| बागमती | ४१,८४,५३,१३६।५१ | ४१,९०,५७,६३५।२७ |
| गण्डकी | २३,८०,७४,७२३।६१ | २३,९६,८६,६३४।७० |
| लुम्बिनी | ४०,२८,९५,०४२।८८ | ३८,११,१४,६१५।४१ |
| कर्णाली | ११,७२,२१,७१९।२२ | ११,६५,८९,७३४।२२ |
| सु.पश्चिम | ८,२१,२२,५६६।८३ | ७,९७,१८,५६१।८३ |
| **जम्मा** | **२,१८,७२,४५,३५७।००** | **२,१६,९८,३५,६३१।००** |

**हिसाबगत कुल रकम :**

| **विवरण** | **रकम** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| **शेयर हिसाव** | रु.३५,७०,९४,३४१/०० | जोखिम कोषमा | रु.३,०६,२२,४११/१४ | ३८ जिल्लाका |
| बचतनिक्षेप | रु.१,५४,४३,०९,३८०/० | भाखा नाघेको ऋण रकम | रु.२१,७५,८६,३४४/८० | ३८ जिल्लाका |
| नगद तथा बैंक मौज्दात | रु.३१,५२,३१,५५४/० | विनाधितो ऋणलगानी | रु.२०,८६,०६,५११/० | ३९ जिल्लाका |
| लगानी अन्यमा | रु.४,२०,८८,०७६/० | जगेडा कोष | रु.११,८८,२८,४२०/८३, | ४३ जिल्लाका |
| स्थायी सम्पत्ती | रु.११,८७,५७,९५४/० | शिक्षा कोष | रु. ९,८९,६९६।२३ | ३० जिल्लाका |
| ऋण लगानी | रु.१,६३,९३,२९,१५८/० | | | |

**दायित्व सम्पत्ती नमिलेको**

**२३ जिल्ला- रु.१,७४,०९,७२५।९३**

| **सि.नं.** | **जिल्ला** | **दायित्व बढी** | **सम्पत्ति बढी** |
|---|---|---|---|
| १ | पाँचथर | | १२,४९,०१५/९८ |
| २ | धनकुटा | | ७,७७,७५५/९८ |
| ३ | ओखलढुंगा | | ४,३१,५१८/०० |
| ४ | सोलुखुम्बु | | २७,५९,०३१/०० |

| | | | |
|---|---|---|---|
| ५ | सिरहा | २७,०४०/०० | |
| ६ | नुवाकोट | ३५,०००/०० | |
| ७ | भक्तपुर | ३५,०००/०० | ६,३९,४९८/७६ |
| ८ | स्याङजा | | २,६७,२०८/०० |
| ९ | गोरखा | | २,०३,३६१/६५ |
| १० | मनाङ | | २८,७७५/४४ |
| ११ | लमजुङ | | १६,२८७/०० |
| १२ | बागलुङ | | १९,०००/०० |
| १३ | म्याग्दी | | १०,७७,३०९/०० |
| १४ | नवलपरासी पश्चिम | | ३३,०१,०२५/०८ |
| १५ | पाल्पा | | ३०,०५,६७४/९६ |
| १६ | गुल्मी | | १,२०,६६५/३९ |
| १७ | दाङ | | २,९३,६७,३४८/७८ |
| १८ | बाँके | | ११,५९,५५५/८८ |
| १९ | कालिकोट | | ४९,००० |
| २० | जाजरकोट | ६,०७५/० | |
| २१ | रुकुम पश्चिम | ६,७४,९०७/०० | |
| २२ | कैलाली | | १,०६,७७१/०० |
| २३ | डोटी | | २५,१०,७७६/०० |

**नोक्सानमा गएका**

**(९ जिल्ला) रु.३९,३९,९०६/०**

| **सि.नं.** | **जिल्ला** | **नोक्सान रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | खोटाङ | ५,७६,९८९/३९ | |
| २ | संखुवासभा | ७८,०००/०० | |
| ३ | अर्घाखाँची | ५,२७,५३४/०९ | |
| ४ | सिन्धुपाल्चोक | १,४०,२६३/७६ | |
| ५ | नवलपरासी पश्चिम | १६,५०,५१२/५४ | |
| ६ | हुम्ला | ८,०००/०० | |
| ७ | म्याग्दी | ८,९०,१८१/०० | |
| ८ | लमजुङ | ६७,६४४/०० | |
| ९ | नवलपुर | ७८१/१६ | |

**ऋण लिएको : ५ जिल्ला रु. १,०१,१६,९४९/०१**

| **सि.नं.** | **जिल्ला** | **ऋण लिएको रकम** | **कैफियत** |
|---|---|---|---|
| **१** | धनुषा | १,३०,०००/० | |
| **२** | मुस्ताङ | २,६०,०००/० | |
| **३** | प्युठान | ५५,७५,३४९/० | |
| **४** | दैलेख | १,५१,६००/० | |

| | | | |
|---|---|---|---|
| ५ | कञ्चनपुर | ४०,००,०००/०१ | |

**शेयर हिसाब बढी : १६ जिल्ला**

| सि.नं. | जिल्ला | शेयर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | सुनसरी | २१.४१ | |
| २ | काभ्रेपलाञ्चोक | २३.६६ | |
| ३ | गोरखा | ६१.६० | |
| ४ | कास्की | २५.२९ | |
| ५ | तनहुँ | २४.६९ | |
| ६ | लमजुङ | ३५.८८ | |
| ७ | बाग्लुङ | ३२.८९ | |
| ८ | पर्वत | २६.१९ | |
| ९ | म्याग्दी | ५६.३९ | |
| १० | नवलपुर | ८६.४८ | |
| ११ | कपिलवस्तु | २२.२६ | |
| १२ | डोल्पा | १००.० | |
| १३ | हुम्ला | ९०.७० | |
| १४ | दैलेख | २१.९९ | |
| १५ | रुकुम पश्चिम | ७६.२२ | |
| १६ | डोटी | ९३.४८ | |

**शेयर हिसाब घटी :**

| सि.नं. | जिल्ला | शेयर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | संखुवासभा | ३.४५ | |
| २ | खोटाङ | ८.८१ | |
| ३ | ओखलढुंगा | ५.३० | |
| ४ | सोलुखुम्बु | ८.२५ | |
| ५ | दोलखा | ६.६२ | |
| ६ | पाल्पा | ८.०६ | |
| ७ | गुल्मी | ७.३१ | |
| ८ | रोल्पा | ७.८१ | |
| ९ | प्युठान | ६.९४ | |
| १० | सल्यान | ३.१९ | |
| ११ | वैतडी | ८.४८ | |

**कोष हिसाब बढी :**

| सि.नं. | जिल्ला | शेयर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ताप्लेजुङ | २८.५२ | |
| २ | भोजपुर | २०.६३ | |
| ३ | खोटाङ | ५०.७९ | |
| ४ | मकवानपुर | २४.१५ | |

**कोष हिसाब घटी भएका जिल्लाहरु**

| सि.नं. | जिल्ला |
|---|---|
| १ | संखुवासभा |
| २ | ओखलढुंगा |
| ३ | नुवाकोट |
| ४ | पर्वत |
| ५ | कपिलवस्तु |
| ६ | रोल्पा |
| ७ | डोल्पा |
| ८ | हुम्ला |
| ९ | रुकुम  पश्चिम |
| १० | दार्चुला |

**तरलता घटी :**

| सि.नं. | जिल्ला | घटी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | पाँचथर | ७.९५ | |
| २ | ओखलढुंगा | ४.८७ | |
| ३ | सोलुखुम्बु | ४.९८ | |
| ४ | उदयपुर | ५.९६ | |
| ५ | धनुषा | ८.०९ | |
| ६ | दोलखा | ५.४३ | |
| ७ | धादिङ | ४.०८ | |
| ८ | नुवाकोट | १.१६ | |
| ९ | कपिलबस्तु | ४.१० | |
| १० | रोल्पा | ०.३५ | |
| ११ | रुकुम पश्चिम | | |
| १२ | बझाङ | | |
| १३ | मुस्ताङ | | |
| १४ | भक्तपुर | ०.० | |
| १५ | गोरखा | ५.० | |
| १६ | जुम्ला | ४.५८, | |

**तरलता बढी :**

| सि.नं. | जिल्ला | बढी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ताप्लेजुङ | २९.६४ | |
| २ | तेह्रथुम | २९.१९ | |
| ३ | सिरहा | २४.५८ | |
| ४ | स्याङजा | २४.८० | |

| | | | |
|---|---|---|---|
| ५ | लमजुङ | २६.३० | |
| ६ | नवलपरासी पश्चिम | २३.७६ | |
| ७ | पाल्पा | ४५.८७ | |
| ८ | गुल्मी | ३७.०३ | |
| ९ | बर्दिया | ३५.३८ | |
| १० | डोल्पा | १००.० | |
| ११ | हुम्ला | ९०.७० | |
| १२ | सुर्खेत | २१.४५ | |
| १३ | सल्यान | २७.७१ | |
| १४ | बाजुरा | ३२.४३ | |
| १५ | वैतडी | २१.३८ | |
| १६ | दार्चुला | ५९.४० | |
| १७ | कालिकोट | २४.८९ | |

**निक्षेप घटी :**

| सि.नं. | जिल्ला | निक्षेप घटी | कैफियत |
|---|---|---|---|
| १ | डोल्पा | | |
| २ | हुम्ला | | |
| ३ | डोटी | | |
| ४ | बझाङ | ०.०० | |
| ५ | नवलपुर | १३.५२ | |
| ६ | मनाङ | १७.७८ | |
| ७ | गोरखा | २६.९७ | |
| ८ | खोटाङ | १९.९८ | |
| ९ | भोजपुर | २५.० | |

**निक्षेप बढी : ९ जिल्ला**

| सि.नं. | जिल्ला | निक्षेप बढी | कैफियत |
|---|---|---|---|
| १ | संखुवासभा | ८३.८४ | |
| २ | सोलुखुम्बु | ८५.२० | |
| ३ | चितवन | ८३.२० | |
| ४ | पाल्पा | ८४.४९ | |
| ५ | अर्घाखाँची | ८१.०९ | |
| ६ | दाङ | ८१.७८ | |
| ७ | रोल्पा | ९२.१९ | |
| ८ | जाजरकोट | ८१.२४ | |
| ९ | सल्यान | ८७.५८ | |

**ऋण बढी : २३ जिल्ला**

| सि.नं. | जिल्ला | ऋण बढी | कैफियत |
|---|---|---|---|
| १ | पाँचथर | ८५.७९ | |
| २ | धनकुटा | ८२.११ | |
| ३ | सोलुखुम्बु | ८४.८१ | |
| ४ | उदयपुर | ९१.८३ | |
| ५ | धनुषा | ९१.९१ | |
| ६ | दोलखा | ८८.३८ | |
| ७ | चितवन | ८३.२९ | |
| ८ | काभ्रे | ८५.२४ | |
| ९ | धादिङ | ९३.२४ | |
| १० | नुवाकोट | ९६.७० | |
| ११ | ललितपुर | ८२.२४ | |
| १२ | गोरखा | ९४.७० | |
| १३ | मनाङ | ८१.३४ | |
| १४ | बाग्लुङ | ९१.६२ | |
| १५ | रुपन्देही | ८७.८८ | |
| १६ | कपिलवस्तु | ९५.९० | |
| १७ | रोल्पा | ९९.६५ | |
| १८ | बाँके | ८१.१४ | |
| १९ | जुम्ला | ९४.६७ | |
| २० | जाजरकोट | ८४.५९ | |
| २१ | रुकुम पश्चिम | १००.० | |
| २२ | कैलाली | ८२.२४ | |
| २३ | बझाङ | १००.० | |

**ऋण घटी :** (२जिल्ला)

| सि.नं. | जिल्ला | ऋर्ण घटी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | डोल्पा | | |
| २ | हुम्ला | ०.०० | |

**लगानी अन्य हिसाब बढी :** ३ जिल्ला

| सि.नं. | जिल्ला | अन्य हिसाव बढी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ताप्लेजुङ | २२.०९ | |
| २ | भोजपुर | ५१.४० | |
| ३ | म्यागदी | १२.०४ | |

**लगानी अन्य हिसाब घटी :** १५ जिल्ला

| सि.नं. | जिल्ला | लगानी अन्य घटी प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | संखुवासभा | | |
| २ | धनकुटा | | |
| ३ | ओखलढुंगा | | |
| ४ | धनुषा | | |
| ५ | सिन्धुपाल्चोक | | |
| ६ | नुवाकोट | | |
| ७ | गोरखा | | |
| ८ | लमजुंग | | |
| ९ | कपिलबस्तु | | |
| १० | अर्घाखाँची | | |
| ११ | रोल्पा | | |
| १२ | डोल्पा | | |
| १३ | हुम्ला | | |
| १४ | सल्यान | | |
| १५ | रुकुम पश्चिम | ०.०० | |

**स्थायी सम्पत्ति बढी :**८ जिल्ला

| **सि.नं.** | **जिल्ला** | **स्थायी सम्पत्ति बढी प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १ | ईलाम | १३.०४ | |
| २ | सप्तरी | १०.६५ | |
| ३ | मकवानपुर | २०.५८ | |
| ४ | सिन्धुली | ८.९० | |
| ५ | कास्की | ११.७५ | |
| ६ | पर्वत | १०.६९ | |
| ७ | दाङ | ११.४७ | |
| ८ | सुर्खेत | ७.९० | |

**बार्षिक साधारण सभा भएको मिति उल्लेख नभएको :** (२१ जिल्ला) भोजपुर, सोलुखुम्बु, संखुवासभा, सिरहा, भक्तपुर, रसुवा, तनहुँ, मनांग, लमजुंग, मुस्तांग, अर्घाखाँची, रोल्पा, रुकुमपश्चिम, अछाम, कैलाली, डोटी, वैतडी, दार्चुला, कंचनपुर, डोल्पा, हुम्ला ,

**लेखापरीक्षण सम्पन्न मिति उल्लेख नभएको :** (१५ जिल्ला) भोजपुर, सोलुखुम्बु, रामेछाप, भक्तपुर, तनहुँ, मुस्तांग, नवलपुर, कपिलवस्तु, अर्घाखाँची, रोल्पा, डोल्पा, रुकुमपश्चिम, अछाम, कैलाली, कंचनपुर,

**कर्मचारी नभएका संस्थाहरु :** (२९जिल्ला) पाँचथर, ताप्लेजुङ, भोजपुर, तेह्रथुम, संखुवासभा,खोटाङ, ओखलढुंगा, उदयपुर, धनुषा,सिरहा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, दोलखा, मनाङ,

लमजुङ, बाग्लुङ, नवलपुर, रोल्पा, बर्दिया, डोल्पा, कालिकोट, हुम्ला, रुकुमपश्चिम, अछाम, बझाङ, वैतडी, दार्चुला,

**ऐन नियमका प्राबधान :**

सदस्यता लिएको ३ महिना नभई ऋण नदिने, जुन प्रयोजनका लागि ऋण लिएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्ने ,ब्याजलाई पुजिकृत नगर्ने, सन्दर्भ व्याजदर र अधिकतम सेवाशुल्कको सीमा भित्र रहने, लेखा समितिमा तालीमप्राप्त पदाधिकारी राख्ने, संचालक समितिमा तोकिए बमोजिमको महिला प्रतिनिधित्व गराउने, जोखिमकोषको समुचित व्यवस्थागर्ने, बचत संकलनको रकम निर्धारित ठाउ बाहेक अन्यत्र लगानी नगर्ने, लिने दिने ब्याज अन्तरलाई ६ प्रतिशतको सीमा भित्र राख्ने, एक व्यक्तिलाई पूँजीकोषको १० प्रतिशत भन्दा बढी ऋण नदिने, स्वास्थ्य बाहेक अन्य प्रारम्भिक संस्थामा शेयर बचत नराख्ने, कंम्पनीको शेयर खरिद नगर्ने, शेयर सदस्य नबनाई बचत स्वीकार नगर्ने,

**आजको आबश्यकता : भोलीको कार्यभार**

माथि उल्लेखित समग्र वित्तिय अवस्थाको बर्गिकरण र विश्लेषणबाट आजको आवश्यकता र भोलीको कार्यभार बारे आकलन गर्न सकिन्छ । मुख्यतयाः पर्ल्स मापदण्डको आधारमा वित्तिय सन्तुलन कायम गर्नलाई कार्ययोजना, सेवा सुविधा र संस्थागत क्षमता वृद्धिका लागि सदस्यता विस्तार, सदस्य संचालक र कर्मचारीको क्षमता अभिवृद्धि, ऐन कानुनको पालना र अद्यावधिक गर्ने कार्यलाई कसरी, कहिले र कसले कार्यान्वयनको तहमा लैजाने भन्ने विषयबस्तु माथि नै कार्यशाला केन्द्रित हुन जरुरी छ ।

## अवको बाटो

**संस्थागत दीगोपनका लागि सम्भावित विकल्प :**

संस्थाहरुको सबलता पश्चात्, राष्ट्रसेवक सहकारी एकीकरण तर्फ जानु हालको आवश्यकता मात्र नभएर सुनिश्चित दीगो भविष्यको उत्तम विकल्प हुनसक्छ । संस्थाको एकीकरण बाध्यात्मक र निर्देशनात्मक नभएर उदात्तभावना सहितको ऐक्यबद्धता र स्वेच्छापुर्वक हुनु पर्दछ । एकीकरणले हाल देखापरेका अधिकांश प्रकृयागत समस्याहरुको समाधान गर्नसक्छ । एकीकरण, सदस्यको बढ्दो आबश्यकताको परिपुर्ति र संयुक्त लगानी तथा उद्यम सन्चालन गर्ने उपयुक्त माध्यम हुनसक्छ । एकीकरणलाई समयानुकुल सुचना प्रविधी अपनाउँदै प्रतिशिपर्धी बाताबरणमा खरो उत्रिने तथा सदस्यता विस्तार र सवल पुजी निर्माणको प्रचुर सम्भावनालाई ठीक समयमै उम्किन नदिने अवसरको रुपमा लिन सकिन्छ । एकीकरण, कमजोर संस्थालाई सवलता तिर र सवल सस्थालाई उत्तरोत्तर प्रगतीको दिशा तर्फ डोर्याउने मार्ग हुन् सक्दछ ।

**एकीकरणको पुर्वतयारी तथा आधारभुमी निर्माण :**

ऋणको व्यवस्थापन तथा विश्लेषणः- (विनाधितो ऋण लाई तमासुक, जमानत र धितो ऋणमा परिणत गर्नु, निष्कृय रहेका ऋणीलाई ब्याज असुल गरी सक्रिय तुल्याउनु, भाखा नाघेका ऋणीको ब्याज असुल गरी भाखा थप गर्नु, जोखिम बर्गिकरण गरी जोखिमकोषको व्यवस्था गर्नु वित्तिय सन्तुलन कायम गर्नु, सम्पत्ति एकीन र पुनःमुल्याँङकन गर्नु, सदस्य विवरण तयारी र वर्गिकरण विश्लेषण गर्नु, वृहत्त सदस्य अन्तर्क्रिया गरी साधारणसभामा प्रस्ताब तथा छलफल चलाउनु पर्ने हुन्छ ।

**संस्था सुदृढीकरणका उपायहरुः**

१.बजारभन्दा कम ब्याजदरमा ऋण सुविधा र बचतमा बजारभन्दा बढी दरमा ब्याज प्रदान गर्ने ,

२.सुचना प्रविधीको उपयोग मार्फत छिटो छरितो र सरल विधी तथा प्रकृया अबलम्बन गर्ने ।

३.सदस्यलाई व्यवसायी र उद्यमी बनाई उत्पादन वृद्धि मा जोड दिने, रोजगारी प्रदान गर्ने ।

४.मानव संसाधनलाई सक्रिय र उत्पादनमुखी बनाउने ।

५.निर्वाहमुखी जीवनपद्धतीलाई ब्यवसायिकतामा ढाल्ने ।

६.वित्तिय तन्दुरस्ता : पर्ल्सका प्रभावकारी वित्तिय मापदण्ड अनुरुप जानेगरी आगामी कार्ययोजना र प्रस्ताव,

७.लिने दिने ब्याजदर र शुल्कमा एकरुपता कायम गर्नु । धितोमुल्यांकन प्रकृया र विधीमा एकरुपता ल्याउनु,

प्रतिवेदन संग्रह : सवै संस्थाहरु जो एकीकृत भएका छन् तिनीहरुको र जो अरु संग एकीकृत भएकाछन् तिनीहरुको समेत सुरु देखिको बार्षिक प्रतिवेदन र प्रकाशनहरु संकलन गरि संगठन केन्द्र वा मोरंग को सहकारी सुचना केन्द्रमा पठाउने ।

कम्तीमा १ जना कर्मचारी स्थायी राख्ने र अन्य कर्मचारी करारमा लिने, कर्मचारीसंग धनजमानी लिने र कर्मचारी नियमावली बनाई उचित पारिश्रामिक प्रदान गर्ने, कर्मचारी उत्प्रेरणाका अन्य कार्यक्रम ल्याउने, कर्मचारीलाई सामाजिक सुरक्षाकोषमा आबद्ध गर्ने, समयानुकुल तालिमको ब्यवस्थागर्ने ।

नीति विधी र प्रविधी :सभा कम भड्किलो र मितव्ययी बनाउनु, प्रमुख अतिथिमा सम्बद्ध मंत्रालय निकाय वा प्रशासनिक प्रमुखलाई आमन्त्रण गर्नु, अत्यधिक सदस्य मैत्री बनाउनु, साधारण साधारण सभा अगावै आगामी बार्षिक नीति कार्यक्रमर बजेट विषयक वृहत्त अन्तर्क्रिया कार्यक्रम संचालन गर्ने ।

## छलफलका लागि बुँदाहरुः

**संगठन समुह :**

१. साधारणसभा नभएका र लेखापरीक्षण नगरेका संस्थाहरुका सम्बन्धमा
२. संस्था र संगठन वीच देखिएका असमझदारीका सम्बन्धमा
३. समग्र संस्थागत अवस्थाको कारण र त्यसको निवारण सम्बन्धमा
४. संस्था सुसन्चालनको भावि कार्यदिशा तथा अबको बाटो,

## सहकारी संस्थाका प्रतिनिधिहरुका लागि

१. संस्था सञ्चालनमा देखिएका प्रमुख समस्याहरु के के हुन,

२. सहकारी सुदृढीकरणको लागि गरिनु पर्ने कार्यहरु,

३. राष्ट्रसेवक सहकारीहरुको व्यवस्थापकीय सुधारका उपायहरु के के हुन सक्दछन,

४. एकीकरणको सम्भावना र चुनौती,

५. कार्यशालाबाट गरिएको अपेक्षा,

६. विविध ।

**एकीकरणका वर्तमान चुनौती :**

दृढ ईच्छा शक्ति सहितको समर्पित संचालकीय नेतृत्व, उत्प्रेरित प्रविधीमैत्री पेसागतदक्षता हितको सक्षम जनशक्ति, ठोस प्रतिबद्धता सहितको सकारात्मक अभिभावकीय भुमिका, बश्वस्त सदस्य, अनुकुल बैधानिक परिवेशलाई लिन सकिन्छ ।

अबको राष्ट्रसेवक सहकारी आन्दोलनलाई कसरी कुन बाटोबाट अझ परिष्कृत र सुदृढ तुल्याउँदै अघि बढाउने हो भन्ने विषय हाम्रो साझा सरोकारको विषय हो । यस कार्यक्रममा यहाँहरुबाट प्राप्त हुने पृष्ठपोषण र प्रतिबद्धताको दुरगामी महत्व रहने कुरामा दुईमत हुनै सक्दैन ।

राष्ट्रसेवक सहकारीहरुको सुदृढीकरणमा अहम् भुमिका निर्वाह गर्ने, आसन्न राष्ट्रिय भेलालाई सार्थक निष्कर्षमा पुऱ्याउन, हालसम्ममा देखिएका संस्थाका वित्तीय सुचकांकहरुलाई सन्तुलनमा ल्याउन तथा संस्थाहरुमा सुशासन कायम गराउन यस कार्यशालामा सहभागी संस्थाका नेतृत्वतह र ब्यवस्थापन पक्षले पुर्‍याउन सक्ने साथ सहयोगको अपरिहार्यता लाई नजर अन्दाज गर्न सकिदैन ।

अन्तमा संस्था स्थापनाकालको लक्ष्य र हाम्रो वर्तमान उपलब्धी माथि वस्तुपरक समिक्षा गर्नु र संस्थाहरुको यथार्थ वित्तीय परिसुचकहरु को जगमा आगामी कार्यदिशाका लागि मार्गप्रशस्त गर्नु पनि यो राष्ट्रिय कार्यशालाको जिम्मेवारी भित्रै पर्ने र त्यसको निर्बाह हुने अपेक्षा सहित यो प्रस्तुती अन्त्य गर्न चाहन्छु । **धन्यवाद**

काशी नाथ श्रेष्ठ
संयोजक,
राष्ट्रसेवक सहकारी सुदृढिकरण अध्ययन कार्यदल

**प्रतिबद्धता पत्र**

- संस्थाको वित्तीय परिसुचकहरुलाई १ बर्ष भित्रमा पर्ल्स को प्रभावकारी वित्तिय संरचना अनुकुल तुल्याउन प्रयासरत रहने,
- संस्थाले अबलम्बनगर्नुपर्ने विद्यमान ऐन कानुन निर्देशिका बमोजिमका प्राबधानहरुलाई पुर्ण कायान्वयनमा ल्याउन समितिलाई सहयोग पुर्‍याउने,
- सहकारी सुशासन कायम गर्न आआफ्नो तर्फबाट प्रतिबद्धता जनाउने,
- सदस्य मैत्री ब्यवहारलाई उच्च प्राथमिकता दिँदै ,अनुशासित रहने र मर्यादित आचरण अबलम्बन गर्ने,
- संस्था एकीकरणका विषयमा सदस्य र समिति वीच निरन्तर छलफल चलाउँदै आवश्यक सहजिकरण गर्ने,
- प्रतिवेदन,सुचना र जानकारीहरु सम्बद्ध निकाय र संगठनमा नियमित पठाउने जिम्मेवारी निर्वाह गर्ने,
- सहकारीका सामयिक विषयको जानकारी राख्ने, अध्ययनशील हुने, प्रविधी कुशलतामा अब्बल हुने र समिति उपसमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने